# कटहरी गाउँपालिका
# Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ / Katahari, Morang

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल

प.सं. Ltr.No: २०८०/०८१
च.नं. Ref.No.

मिति(Date): २०८०/१०/१०

सूचना ॥ सूचना ॥ सूचना ॥

विषय(Subject): तुलसी खेती बिस्तार सम्बन्धमा ।

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/१०/१०**

यस कटहरी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार शत प्रतिशत अनुदान लागतमा कम्तीमा प्रति ब्यक्ति ०-१-० कठ्ठा क्षेत्रफलमा र कृषक समुह , कृषि फर्म , कृषि सहकारी र कृषि कम्पनीहरुले १-०-० बिगाहा तुलसी खेती गर्ने ईच्छुक कृषक , कृषक समुह तथा कृषि फर्म र कृषि कम्पनी र कृषि सहकारी संस्थाहरुबाट सूचना प्रकासन भएको मितिले १५ दिन भित्र वा मिति २०८०/१०/१० गते देखी मिति २०८०/१०/२४ गते भित्र तोकिएको कागजात सहित यस कटहरी गाउँपालिकाको कृषि विकास शाखामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सरोकारवालाहरु साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु दर्ता गर्न नसक्ने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराईन्छ ।

तपशिल :

<u>आबेदनका साथ संलग्न राख्नुपर्ने कागजातहरु</u> :

१.निवेदनको साथ सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

२.निवेदकको नागरिकता वा परिचयपत्र खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

३. PAN तथा करचुक्ताको प्रतिलिपि ।

१०/१०
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office of Rural Municipal Executive
कटहरी, मोरङ/Katahari, Morang

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


प.सं. Ltr.No: २०८०/०८१
च.नं. Ref.No.

मिति(Date): २०८०/१०/१०

**विषय(Subject):**

४. कृषक/ कृषक समुह/ कृषि सहकारी/ कृषि फर्महरुको हकमा तुलसी खेती गर्ने भनी बसेको बैठकको निर्णयको प्रतिलिपि र सम्पुर्ण सदस्यहरुको नागरिकता तथा जग्गा धनिपुर्जाको प्रतिलिपी ।

५. तुलसी खेती गर्ने जग्गाको धनिपुर्जाको फोटोकपि ।

६. बिगत २ बर्ष भित्र संघिय सरकार वा प्रदेश मन्त्रालय/ कृषि निर्देशनालय/ कृषि ज्ञान केन्द्र तथा स्थानिय तहबाट कुनै पनि अनुदान नलिएको हुनुपर्नेछ र साथमा अनुदान नलिएको स्वघोषणा पत्र ।

७. जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्षको सम्झौता पत्रको प्रतिलिपि वा ऐलानी भएमा वडा कार्यालयको सिफारिस पत्रमा खुलाउनु पर्नेछ ।

मनोज कुमार साह
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ : श्री सूचना प्रविधि शाखा कार्यालयको Website मा Upload गरिदिन हुन साथै सबै वडा कार्यालयहरुमा सम्प्रेषण गरिदिन हुन ।